FAYETTE COUNTY PUBLIC SCHOOLS

# 1:1 Chromebook User Agreement

## १:१ क्रोमबूक  प्रयोगकर्ताको सम्झौता

आरईभी. ७/१२/२१

फेएट काउन्टी पब्लिक स्कूलहरू विद्यार्थीको सहकार्य सहयोग, रचनात्मकता, आलोचनात्मक सोच, र संचार वृद्धिगर्ने प्रयासमा क्रोमबूकहरू (Chromebooks) घरमा-प्रयोगकोलागि विद्यार्थीहरूलाई प्रदानगर्न पाउँदा खुशीछन्। यी उपकरणहरूको प्रयोग सुविधा हो जुन जिम्मेवारीकोसाथ आउँदछ। विद्यार्थीहरूले आमाबुबा/अभिभावकको अनुमति प्राप्तगर्नै पर्दछ र साइन-इन गर्नुपर्नेछ र उपकरण प्राप्तगर्नुअघि यस सम्झौतालाई तोकिएको शिक्षक/कर्मचारीलाई फिर्ता गर्नुपर्नेछ।

जानीबूझी वा लापरवाहसंग दुरुपयोग वा कुनै विद्यालय उपकरणको क्षतिलाई क्लास III संहिताको (Class III Code) उल्लंघन मानिन्छ *(तोड्फोड्द्वारा सम्पत्तिको क्षति;आपराधिक बदमाशी (दुर्व्यवहार)* जुन जिल्ला बाहिर परिणामहुन सक्ने सम्भावना रहेकोछ (विद्यार्थी आचार संहिता)। थप रूपमा, उपकरण हराएमा वा बिगारेमा विद्यार्थी/आमाबुबा/अभिभावक आर्थिकरुपले जिम्मेवारहुन सक्छन्। यदि विद्यार्थीलाई प्रदान गरिएको उपकरणको चोरी भयोभने, विद्यार्थी/आमाबुबा/अभिभावकले तुरुन्त स्कूललाई सूचनादिने र पुलिस रिपोर्ट पेशगर्न जिम्मेवार हुन्छन्।

### स्वीकार्य प्रयोग

क्रोमबूकको विद्यार्थीद्वारा प्रयोग फेएट काउन्टी सार्वजनिक स्कूल बिद्यार्थी (छात्र) आचार संहिता अन्तर्गत पर्दछ। यो प्रयोगकर्ता सम्झौता अझैपनि विद्यार्थीको स्कूलको फाईलमा  हस्ताक्षर गरिएको एफसीपीएस (FCPS) स्वीकार्य उपयोग नीतिहुनु आवश्यक छ।

### विद्यार्थीको क्रोमबूककोलागि सहमति

१. म हरेक दिन स्कूलमा  मेरो उपस्थितहुँदा मेरो पूर्ण-चार्ज गरिएको क्रोमबुक मैले ल्याउनेछु।
२. म मेरो क्रोमबूकको सँधै हेरचाह, निगरानी र सुरक्षाकोलागि जिम्मेवार छु।
३. म कुनैपनि आवश्यक डिजिटल शिटीजनशिप निर्देशनलाई पूरागर्नेछु र दैनिक अभ्यास गर्नेछु।
४. म बुझ्दछु कि क्रोमबूक शैक्षिक प्रयोगकोलागिमात्र हो। यो खेलौना होईन।
५. म मेरो क्रोमबूकलाई खानेकुरा र पेयपदार्थबाट टाढा राख्छु।
६. म नोक्सानी, चोरी, र/वा खराबीलाई तुरुन्त रिपोर्ट गर्नेछु।
७. मैले मेरो विद्यार्थी खाताको (Student Account) जानकारी कसैसँगपनि साझेदारीगर्ने छैन।
८. मैले मेरो क्रोमबूकको रूपलाई चित्र वा स्टिकर टाँसेर परिवर्तनगर्ने छैन। म क्रोमबूकमा सम्पत्ति (asset) ट्यागहरू र कुनैपनि बारकोड लेबलहरूलाई रहनदिनेछु।
९. म बुझ्दछु कि क्रोमबूक बिना कुनै सूचनाको निरीक्षणको अधीनमा छ र फेएट काउन्टी पब्लिक स्कूलहरूको सम्पत्ति रहन्छ।
१०. म हरेक समय स्वीकार्य प्रयोग नीति र एफसीपीएस विद्यार्थी आचार संहितामा उल्लिखित नीतिहरूको अनुसरण गर्नेछु।
११. म स्कूल वर्षको अन्त्यमा वा नामांकन (भर्ना) समाप्तगर्दा प्रत्येक बखत क्रोमबूक र चार्जिंग कर्ड फिर्तागर्न सहमतछु।
१२. मैले गृहकार्यको भाग होइन भने भिडियो वा अडियो रेकर्डगर्ने छैन।
१३. म बुझ्दछुकि यदि मैलेमाथि उल्लिखित कुनैपनि कानूनको उल्लङ्घन गरे वा कुनै अन्य प्रविधि सम्बन्धि कार्यहरू गरेमा म एफसीपीएस (FCPS) विद्यार्थी आचार संहितामा उल्लिखित व्यवहार व्यवस्थापन विकल्पहरूको अधीनमा हुनसक्छ।

### विद्यार्थीको सम्झौता

फेएट काउन्टी पब्लिक स्कूलको उपकरणको प्रयोगकर्ताको रूपमा, मैले यस सम्झौतामा एफसीपीएस (FCPS) क्रोमबूकको सम्झौतालाई पढेको छु र यसैद्वारा सम्झौतामा उल्लिखित दिशानिर्देशहरू, जिल्लाको स्वीकार्य प्रयोगनीति,

FAYETTE COUNTY PUBLIC SCHOOLS

# 1:1 Chromebook User Agreement

र एफसीपीएसको विद्यार्थी आचार  संहिताको नियमहरूको  सम्बन्धलाई स्कूलमा र घरमा क्रोमबूक  यन्त्रहरूको उपयोगकोगर्ने नियमहरुको पालनागर्न मन्जुरगर्छु।

आमाबुबा वा अभिभावकको सम्झौता

- म बुझ्दछु कि विद्यार्थीहरूले क्रोमबूकहरूलाई घरमा लैजान सक्छन्, र पूर्ण चार्ज गरिएको क्रोमबूक अर्को स्कूल दिनमा फिर्ता हुनेछ।
- म बुझ्दछु म मेरो बच्चाको अनलाइन गतिविधि र घरमा प्रयोगहुने उपकरणको निगरानीकोलागि जिम्मेदारछु।
- म बुझ्दछु कि यो क्रोमबूक शैक्षिक उद्देश्यकोलागि रचनागरिएको हो र त्यसैले मेरो बच्चाको कार्यहरू उसको/उनको क्रोमबूक सुविधाहरूलाई हटाउने कारणहुन सक्छ।
- मैले बुझें कि मैले मेरो बच्चाले हराएको क्रोमबूक वा चार्जर वा कुनै जानाजानी क्षतिकोलागि जिम्मेवार ठान्नुपर्छ भने वित्तीय जिम्मेवारी मान्न पर्नसक्छ। हराएको वा बिग्रिएको क्रोमबूकको अनुमानित लागत $२००.००सम्म; हराएको वा बिग्रिएको क्रोमबूक चार्जरको अनुमानित लागत: $२५.००
- म बुझ्दछु कि जिल्लाको-स्वामित्वभएको उपकरणको बारम्बार लापरवाहीले घर-लाने सुविधाहरूलाई गुमाउनेछ। त्यो अवस्थामा, एक उपकरण स्कूल दिनको समयमामात्र प्रयोगकोलागि उपलब्ध हुनेछ।
- म बुझ्दछु कि क्रोमबूकहरू जिल्लाको-स्वामित्वभएको उपकरण हो, र क्रोमबूकमा भण्डारित (संग्रहित) सबै सामग्री कुनैपनि समयमा समीक्षाको विषय हो।

यस विद्यार्थीको आमाबुबा वा अभिभावकको रूपमा, मैले प्रयोगकर्ताको सम्झौता र विद्यार्थी क्रोमबूकको सम्झौता, एफसीपीएस ***(FCPS)*** स्वीकार्य उपयोगको नीति, र एफसीपीएस विद्यार्थी आचार संहितामा  उल्लिखित दिशानिर्देशहरू पढेको छु र सहमत गर्दछु।

| | |
|---|---|
| ______________________ | ______________________ |
| विद्यार्थीको नाम (छापिएको) | आमाबुबाको/अभिभावकको नाम (छापिएको) |
| ______________________ | ______________________ |
| मिति | आमाबुबाको/अभिभावकको  हस्ताक्षर |